# बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

## हेटौंडा, नेपाल

**बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका माननीय स्वास्थ्य मन्त्री उत्तम जोशीज्यूको १०० दिनका उपलब्धिहरू**

माननीय श्री उत्तम जोशीज्यूले मिति २०८०/०२/०७ गते बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको स्वास्थ्य मन्त्रीको पद तथा गोपनियताको शपथग्रहण गरी पदभार ग्रहण गरे सँगै बागमती प्रदेशमा स्वास्थ्य क्षेत्रमा सुधारको लागि नेतृत्वदायी भूमिका सम्हाल्दै आउनुभएको छ। यसै अन्तर्गत मिति २०८०/०५/११ गते माननीय मन्त्रीज्यूको स्वास्थ्य मन्त्रालयमा १०० दिन पुगेको र सो कार्यकालमा भएका महत्वपूर्ण उपलब्धिहरु, निर्णयहरु तथा स्वास्थ्य क्षेत्र सुधारको लागि आगामी वर्षको योजना यस प्रकार रहेको छ:

**बागमती प्रदेशमा स्वास्थ्य क्षेत्रमा सुधारका पहलहरू तथा महत्वपूर्ण निर्णयहरू**



१. बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत रहेका १३ वटा प्रादेशिक अस्पतालहरुमा ICU, NICU र क्याबिन बाहेकका ८११ शैयाहरु मिति २०८० भाद्र १ गते देखि निःशुल्क रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हेटौडा अस्पताल | त्रिशुली अस्पताल | धादिङ अस्पताल | भक्तपुर अस्पताल | चौतरा अस्पताल | मेथिनकोट अस्पताल | बकुलहर रत्ननगर |
| १७५ | ९२ | ७९ | ७५ | ३६ | ५१ | ७६ |
| सिन्धुली अस्पताल | पशुपति चौलागाई स्मृति | बज्रबाहारी चाँपागाँउ | रसुवा अस्पताल | टोखा चण्डेश्वरी | रामेछाप अस्पताल | जम्मा |
| ७७ | ४५ | २५ | १९२ | ५ | ३६ | ८११ |

२. सबै अस्पतालहरुमा विपन्न असहाय, वेवारिसे बिरामीको लागि कुल शैयाको १० (दश) प्रतिशत शैया छुट्ट्याई निःशुल्क रुपमा कार्यान्वयन गरियो।

३. बागमती प्रदेशमा सञ्चालन रहेका सबै सरकारी निजी, सहकारी तथा सामुदायिक अस्पतालहरुमा सवारी पार्किङ्ग निःशुल्क रुपमा कार्यान्वयन भएको।

४. बागमती प्रदेशका १३ वटै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट Rehabilitation Services/Physiotherapy सेवा मिति २०८० भाद्र १ गते देखि निःशुल्क उपलब्ध गराउन सुरुवात गरिएको।

५. प्रदेशमा बसोबास गर्ने लोपोन्मुख तथा सिमान्तकृत जातिहरु, आश्रममा आश्रित असहाय नागरिकहरुको स्वास्थ्य बिमा हालसम्म ६३७ परिवार संख्या आवद्ध भएका छन्। जसका लागि रु.२५,८६,५०० (रु. अक्षरुपी पच्चीस लाख छयासी हजार पाँच सय रुपैया) बराबरको रकम योगदान गरिएको ।

६. मिति २०८० असार १६ गते देखि जनस्वास्थ्य प्रयोगशाला, धुलिखेलको सेवा स्वास्थ्य कार्यालय चितवनमा सेवा इकाइको रुपमा विस्तार गरी हाल सम्म ६२३ जना लाई सेवा प्रदान गरिएको ।

७. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट बकुलहर अस्पताल, चितवन, रामेछाप अस्पताल, रामेछाप, चौतरा अस्पताल, सिन्धुपाल्चोक, सिन्धुली अस्पताल, सिन्धुली, पशुपति चौलगाई स्मृति अस्पताल, दोलखा र रसुवा अस्पताल, रसुवा गरी ७ वटा अस्पतालहरुमा शव वहान वितरण गरिएको।

८. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट २५ लाख बराबरको एन्टी हेमोफेलिक फ्याकटर वितरण गरिएको।

९. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट करिब १० लाख बराबरको Anti-Rabies Vaccine खरिद गरी वितरण गरिएको ।

१०. अति आवश्यक निःशुल्क औषधीहरु स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत बागमती प्रदेशका १३ वटै अस्पताल र स्वास्थ्य कार्यालयमार्फत स्थानिय तहमा वितरण गरिएयो।

११. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौडाको परिसरमा बायोमेडिकल इकिप्मेन्ट वर्कसप स्थापना गरिएयो ।

१२. स्वास्थ्य तालिम केन्द्रमार्फत ८३१ जना चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुलाई विभिन्न स्वास्थ्य तालिम प्रदान गरिनुको साथै २६ जना स्वास्थ्यकर्मीहरुलाई सर्पदंश उपचार व्यवस्थापन सम्बन्धी तालिम दिइएयो।

१३. माननीय स्वास्थ्य मन्त्रीज्यूको नेतृत्वमा लगातार प्रयास पश्चात् प्रदेश सरकारको कुल बजेटको ६.५% स्वास्थ्यमा विनियोजित गर्न सफल भएको।

१४. माननीय मन्त्रीज्यू तथा माननीय मुख्यमन्त्रीज्यू समेतको पहलमा प्रदेशका विषयगत मन्त्रालयहरुले तर्जुमा गर्ने नीति तथा रणनीतिहरुमा स्वास्थ्यका निर्धारकहरु सम्बोधन हुने गरी निर्माण गर्नका लागि विभिन्न विषयगत

मन्त्रालय तथा सरोकारवाला निकायहरुको सहभागितामा "सबै नीतिमा स्वास्थ्य (Health In all Policy) निर्देशिका" को मस्यौदा तयार गरियो ।

१५. बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक मिति २०८०/०४/२२ गते बसी उठेका सवालहरुलाई प्रदेशस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिमा सिफारिस गरियो।

१६. माननीय मन्त्रीज्यूको पहलमा प्रदेश स्वास्थ्य नीति तर्जु गर्ने प्रक्रिया दुर्त रुपमा अघि बढाइएको छ।

१७. स्वास्थ्य मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रम, "स्वास्थ्य मन्त्रालय तथा मातहतका कार्यालयहरूबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८०/८१" मिति २०८०/०४/३१ र "स्थानीय तहबाट सञ्चालन गरिने सशर्त अनुदान अन्तर्गतका वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८०/८१" मिति २०८०/०५/०८ मा स्वीकृत भई कार्यान्वयनमा गएको।

१८. "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि निःशुल्क हवाई उद्धार सम्बन्धी कार्यविधि, २०८०" मन्त्रीपरिषद्बाट मिति २०८०/०५/०५ मा स्वीकृत भएको।

१९. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उच्च स्तरको स्वास्थ्य जनशक्ति उत्पादनको लागि चिकित्सा शिक्षा आयोगसँग आवश्यक समन्वय र सहजिकरण गरेको ।

२०. बागमती प्रदेशमा डेंगु रोगको विद्यमान अवस्था, डेंगु रोगको निदान, व्यवस्थापन, रोकथाम तथा नियन्त्रणको लागि पूर्व तयारी सम्बन्धमा स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य निर्देशनालय तथा पत्राकारहरुसँग मिति २०८०/०४/०२ गते अन्तर्क्रिया कार्यक्रम गरी समुदायस्तरमा डेंगु सार्न सक्ने लामखुट्टेको लार्भा खोज र नष्ट अभियान कार्यान्वयनमा ल्याइएको ।

२१. बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयबाट धादिङ जिल्लामा डेंगु केस व्यवस्थापन, रोकथाम र नियन्त्रण र सम्बन्धीत सरोकारवालाहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम तथा विभिन्न पालिका तथा धादिङ अस्पताललाई जम्मा २००५ डेंगु किट हस्तान्तरण कार्यक्रम सम्पन्न ।

२२. जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालहरुमा निःशुल्क रुपमा डेंगु परिक्षण गर्ने व्यवस्था गरिएको। स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट सबै जिल्लाहरुमा जम्मा ८९०० डेंगु किट विवरण गरिएको।

२३. माननीय मन्त्रीज्यूले सिन्धुली जिल्लाको पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्नु भएको ।

२४. माननीय मन्त्रीज्यूद्वारा अस्पतालको गुणस्तर सुधारका लागि विभिन्न प्रादेशिक अस्पतालहरु (सिन्धुली अस्पताल, सिन्धुली, त्रिशुली अस्पताल, नुवाकोट, बकुलहर रत्ननगर अस्पताल, चितवन, बज्रबाराही चापागाउँ अस्पताल, ललितपुर, भरतपुर अस्पतल, वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, ख्वप अस्पताल, भक्तपुर) को अनुगमन गरी अस्पतालको सेवा सुदृढीकरण तथा गुणस्तरिय सेवा प्रभावकारी रुपमा प्रवाह गर्न निर्देशन भएको ।

२५. स्वास्थ्य मन्त्रालय तथा मातहातका कार्यालयहरुमा चालु आ.व. २०८०/८१ मा ६२८ जना कर्मचारीहरुको अस्थायी दरबन्दी स्वीकृत गरिएको । साथै थप १३० जना करारमा जनशक्ति हेटौडा अस्पतालमा अस्थायी दरबन्दी स्वीकृत गरी विज्ञापन खुलाइएको।

२६. निजी स्वास्थ्य संस्थाहरुको दर्ता, नविकरण तथा स्तरोन्नतिको लागि सफ्टवयर निर्माण भई कार्यान्वयनको प्रक्रियामा रहेको ।

२७. स्वास्थ्य मन्त्रालय र मातहतका अस्पतालहरुमा भएका औजार उपकरणहरुको उपलब्धता, भौतिक अवस्था र सो प्रयोग गर्ने जनशक्तिको उपलब्धता लगायतको स्थलगत अनुगमन गरी अनुगमन टोलीले प्रतिवेदन पेश गरेको।

२८. बकुलर रत्ननगर अस्पताल चितवनमा २०८०/०२/२४ गते माननीय मन्त्रिज्यूबाट ICU सेवा(५ बेड) सुभारम्भ भएको ।

२९. स्वास्थ्य निर्देशनालयद्वारा ८ वटा जिल्लामा १५३ जनालाई  आङ खस्ने समस्याको शल्यक्रियाद्वारा र उपचार गरिएको ।

३०. पाचैं वोटा अस्पतालहरुमा (धादिंङ अस्पताल, सिन्धुली अस्पताल, रामेछाप अस्पताल, रसुवा अस्पताल र त्रिशुली अस्पताल) टेलिमेडिसिन सेवाका लागि उपकरण जडान भई प्राविधिक परिक्षणको क्रमको रुपमा रहेको ।

३१. बागमती प्रदेशमा पहिलो पटक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard ) कार्यक्रम सुरुवात गरिएको।

३२. स्वास्थ्यकर्मीहरुलाई (१४० जना चिकित्सक/ नर्स/प्यारामेडीक्स) लाई आकस्मिक स्वास्थ्य सेवा र आधारभूत स्वास्थ्य सेवाको अभिमुखीकरण  गरिएको ।

## ❖ गत आ.व. २०७९/८० को मुख्यमुख्य उपलब्धीहरु

- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम: क्यान्सर रोग लागेका विपन्न बिरामीलाई उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०७९/८० मा जम्मा ६८६५ जना बिरामीहरुले रु.९२६७३१८१.३७ (अक्षरुपी नौ करोड छब्बिस लाख त्रियात्तर हजार एक सय एकासी रुपैया सठ्तिस पैसा) बराबरको सहुलियत प्राप्त गरेका छन् ।
- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम: हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०७९/८० मा जम्मा ७ वटा प्रादेशिक अस्पतालमा रु. ३४,७२, ६९२.९० (अक्षरुपी चौतिस लाख बहत्तर हजार छ सय बयानब्बे रुपैया नब्बे पैसा) बराबरको TNK (Tenecteplase) प्रदान गरिएको ।साथै ९ जना बिरामीहरुलाई एन्जियोप्लाष्टी सेवा प्रदान गर्नका लागि रु.६५४,५०० ( अक्षरुपी रु. छ लाख चौउन्न हजार पाँच सय ) बराबरको सहुलियत प्रदान गरिएको ।
- बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले नि:शुल्क रुपमा कुल जम्मा ५०४० वटा ब्लड ब्याग वितरण जसमा रु.**४३४५९२३ (अक्षरुपी रु त्रिचालिस लाख पैतालिस हजार नौ सय तेइस मात्र**) बराबरको सहयोग गरिएको।
- भक्तपुर अस्पतालमा Bronchoscope खरिद गरी सेवा सुचारु  गरिएको।
- सबै प्रादेशिक अस्पतालहरुमा  न्यूनतम सेवा मापदण्ड (minimum service standard) मापन गरी गुणस्तर सुनिश्चित गरिएको
- एम्बुलेन्स सेवा नियमनका लागि प्रदेश्स्तरिय  डीस्प्याच सेन्टरको प्राविधिक परिक्षणको क्रममा रहेका (२०८ एम्बुलेन्समा GPS जडान, १०० भन्दा बढी एम्बुलेन्स चालकहरुलाई तालिम) ।
- आयुर्वेद चिकित्सक तथा अभ्यङ्गकर्ताहरुका लागि पञ्चकर्म तथा वास्तिकर्म तालिमको म्यानुअल निर्माण।
- काठमाडौं, मकवानपुर, भक्तपुर  र ललितपुर जिल्लाहरुमा व्यायामशाला स्थापन र संचालन भएको ।
- गत आर्थिक वर्षमा थप ६० वटा विद्यालयमा विस्तार गरी जम्मा ५१९ वटा माध्यमिक विद्यालयहरुमा "एक विद्यालय एक नर्स कार्यक्रम " सञ्चालन भएको ।
- प्रदेशभित्रका ३ वटा अस्पतालहरुमा आपतकालीन अवस्थाको व्यवस्थापनका लागि Mock Drill अभ्यास गरिएको  ।

## ❖ चालु आ.व. २०८०/८१ का लागि तर्जुमा गरेका महत्वपूर्ण कार्यक्रमहरुः

१. एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रम। (रु.११,५२,५०,०००)

२. स्थानिय तहका स्वास्थ्य संस्था सबलिकरण कार्यक्रम (रु.१०,२२,००,०००)

३. मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः

- ✓ नसर्ने रोगको पहिचानका लागि परीक्षण र परामर्श
- ✓ क्यान्सर रोग लागेका विपन्न बिरामीलाई उपचारमा सहुलियत
- ✓ हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत
- ✓ मस्तिष्कघात रोग उपचारमा सहुलियत

४. सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता क र ख वर्ग भएका व्यक्ति र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको (५०%) स्वास्थ्य बिमाको प्रिमियम भुक्तानी गर्ने।

५. विपद् तथा स्वास्थ्य आपतकालीन अवस्थामा सहज स्वास्थ्य सेवा प्रदान गर्न हब तथा सेटेलाईट अस्पतालहरुको सञ्जाल निर्माण ।

६. सडक दुर्घटनाका घाइतेहरूको द्रुत उद्धार तथा उपचार व्यवस्थापन कार्यक्रम गर्ने।

७. गर्भवती र सुत्केरी अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाइ उद्धार सेवा प्रदान गर्ने।

८. सबै नीतिमा स्वास्थ्य कार्यक्रम समन्वय, समीक्षा तथा कार्यान्वयन गर्ने।

९. विभिन्न समयमा देखापर्ने महामारीजन्य रोगहरूको निगरानी प्रणाली सुदृढीकरण, पूर्वतयारी, प्रतिकार्य, तथा स्वास्थ्य आपतकालीन अवस्थामा आवश्यक औषधी, उपकरण तथा जनशक्तिको परिचालन गर्ने।

१०. दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सकहरुको अभाव कम गर्नको लागि विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम मार्फत प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ चिकित्सकहरूको सेवा उपलब्धता सुनिश्चित गर्ने।

११. अस्पतालहरुमा विस्तारित सेवाहरु (EHS) मार्फत सेवा विस्तार तथा एकरुपता गर्न ।

१२. अटिजम रोग सम्बन्धि स्वास्थ्य सेवाः बागमती प्रदेशमा अटिजमको अवस्था पहिचान गर्नको लागि अटिजमको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी अटिजमको सम्भाव्यता अध्ययन गर्ने।

१३. रक्त सञ्चारक लागि निःशुल्क ब्लड ब्याग कार्यक्रमको निरन्तरता गर्ने।

१४. प्रादेशिक अस्पतालमा (कम्तिमा ३ वटा) अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना सेवा सञ्चालन गर्ने।

१५. सामुदायिक आँखा अस्पतालहरूसँगको सहकार्य र स्थानिय तहको समन्वयमा प्रदेश भित्रका जिल्ला सदरमुकाम बाहेकका स्थानहरूमा शल्यक्रिया सहितको निःशुल्क आँखा उपचार शिविर सञ्चालन गर्ने।

१६. विद्यालय नर्स कार्यक्रम प्रदेशका सबै स्थानीय तहका ६३४ (५१९ साविक+ ११५ नयाँ) वटा विद्यालयमा कार्यान्वयन गर्ने।

१७. प्रदेशमा आवश्यक आयुर्वेद औषधीमा आत्मनिर्भर हुनको लागि आयुर्वेद औषधी उत्पादन केन्द्रको क्षमता अभिबृदि गरी GMP मापदण्ड अनुसारको औषधी उत्पादन गर्ने ।

१८. प्रदेशभित्र रहेका सेवा सञ्चालन हुने अस्पतालहरू तथा सम्बन्धित संस्थासँग समन्वय गरी हेमोफिलिक विरामीहरूको तथ्याङ्कको आधारमा एन्टी हेमोफिलिक फ्याक्टर खरिद गरी वितरण गर्ने।

१९. **प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि विभिन्न किसिमका क्षमता अभिवृद्धि गर्ने** (डायालसिस सेवा, परिवार नियोजन सम्बन्धि IUCD\IMPLANT तालिम, दक्ष प्रसूति सेवा तालिम, SNCU (लेभल २) तालिम, सुरक्षित गर्भपतन सेवा तालिम, अपरेसन थिएटर तथा प्रविधि व्यवस्थापन (OTTM) तालिम, पञ्चकर्म र क्षारसूत्र व्यवस्थापन सम्बन्धि तालिम, क्रिटिकल केयर ट्रेनिङ प्रोग्राम (CCTP), नर्सिङ तथा मिडवाइफ्रिका लागि ग्रामीण अल्ट्रासाउण्ड तालिम, Infection Prevention तालिम, क्लिनिकल ट्रेनिङ स्किल (CTS) तालिम, एनेस्थेसिया सहायक तालिम, भ्यासेक्टोमी र मिनिल्याप तालिम, पोष्टमार्टम सपोर्ट तालिम आदि)

२०. सर्पदंशको कारणबाट हुने मृत्युलाई न्युनिकरण गर्नको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सर्पदंश व्यवस्थापन तालिम प्रदान गर्ने।

२१. प्रदेश अन्तर्गतका सबै जिल्लाहरुमा महामारी नियन्त्रणका लागि EMT र RRT परिचालन गर्ने ।

२२. सामाजिक सेवा इकाइ व्यवस्थापन-आत्महत्या न्यूनीकरण/ सडक दुर्घटना/ आपतकालीन तथा विपद्का घाइते/ विपन्न नागरिक ICU सेवा/ अपङ्गता भएका क र ख वर्गका नागरिकको उपचार/जनआन्दोलनका घाइतेको उपचार व्यवस्थापन कार्यक्रम" वा "सामाजिक सेवा इकाइ मार्फत निःशुल्क उपचार व्यवस्थापन - शहिद परिवार/जनयुद्ध र जनआन्दोलनका घाइते/सडक दुर्घटनाका घाइते/विपद्का घाइते/विपन्न नागरिक ICU सेवा/अपाङ्गता भएका क र ख वर्गका नागरिक/वन्यजन्तु आक्रमणबाट घाइतेको निःशुल्क उपचार गर्ने।

२३. मानव अङ्ग प्रत्यारोपण केन्द्रसँगको समन्वयमा मृगौला प्रत्यारोपण सेवा हेटौडा अस्पतालमा सुरुवात गर्ने।

२४. प्रदेश अस्पतालहरू मार्फत ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशुल्क दन्त सेवा तथा दन्त सहायता सामग्री (CD/RPD) सहयोग कार्यक्रम गर्ने।

२५. प्रदेशमा बसोबास गर्ने अति सिमान्तकृत एवं लोपोन्मुख जातीहरूको मातृ तथा बालस्वास्थ्य सेवामा सहज पहुँच तथा उपभोग बढाउन संस्थागत सुत्केरी र तिनका बालबालिकाले पूर्ण खोप लगाएका आमालाई रु. ५ हजार उत्प्रेरणा खर्च प्रदान गर्ने ।

२६. महिलाहरूमा हुन सक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन गर्ने।

२७. नसर्ने रोगको न्यूनिकरणका लागि बैशाख/जेष्ठ महिनालाई "May Measurement Month" अभियानको रुपमा सञ्चालन गरी नसर्ने रोगको परिक्षण, निदान र परामर्श गर्ने।

२८. औद्योगिक कलकारखानामा कार्यरत श्रमिकहरूलाई व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धि अभिमुखीकरण गर्ने।

२९. रक्तदान जीवनदान हो भन्ने बिषयलाई चरितार्थ गर्दै प्रदेश अन्तर्गतका सबै जिल्लाहरुमा रक्तदान प्रोत्साहन अभियान सञ्चालन गर्ने।

३०. स्थानिय रुपमा उपलब्ध हुने औषधीजन्य जडीबुटीलाई विकास तथा प्रवर्धन गर्नका लागि **एक जिल्ला एक जडीबुटी उद्यान** निर्माण अभियान सञ्चालन गर्ने ।

३१. आफ्नो भान्साघरमा उपलब्ध हुने औषधीय गुण भएका खाद्यपदार्थको (बेसार, अदुवा, लसुन, मेथी, प्याज, जिरा, धनियाँ, सोफ, टिमुर, मरिच, ज्वानो, हिङ, लवाङ्ग आदि) प्रवर्धन तथा महत्वको बारेमा समुदायस्तरमा सचेतना फैलाउन **भान्साघर औषधालय कार्यक्रम सञ्चालन** गर्ने।

३२. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मार्फत प्रदेश स्तरमा स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनको लागि विभिन्न शैक्षिक कार्यक्रमहरु (जनस्वास्थ्य सम्मेलन, अनुसन्धान प्रोत्साहन कार्यक्रम, एक वर्षे Anesthesia Technician कार्यक्रम) सञ्चालन गर्ने।

३३. प्रदेशिक अस्पतालहरुको उपचार व्यवस्थापन निर्देशिका बनाई कार्यान्पयनमा ल्याउने।

३४. शैलजा आचार्य किशोरीहरूलाई HPV खोप व्यवस्थापन कार्यक्रम रहेको।

३५. अस्पतालहरुको निदानात्मक सेवाको क्षमता सुदृढीकरण गर्न सी.टि. स्क्यान खरिद गर्ने।

३६. महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको सम्मान कार्यक्रम ।

३७. प्रदेश जनसङ्ख्या नीति तर्जुमा गर्ने।

३८. अस्पतालमा मृगौला डायालसिस सेवा स्थापना तथा सञ्चालन ।